annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ७७ पृष्ठ ८ | काठमाडौं, बुधबार २ साउन २०८१ | आषाढ शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४४ | WEDNESDAY, JULY 17, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## कार चलाउनुसँगै प्राविधिक ज्ञान पनि सिक्नुपर्छ



नरेश गिरी

इजलास

गाडी सिक्ने नयाँ मानिसले कुदाउन मात्र सिकेर हुँदैन। केही भइहाले प्राथमिक उपचार गर्न पनि जान्नुपर्छ। गाडी अर्थात् कारहरू नयाँ मोडेलका भएकाले 'फ्युज सिस्टम' धेरै छ। कुन फ्युज केको हो ? हेर्न र सामान्य मर्मत गर्न जानेन भने बाटोमा जुनसुकै बेला समस्या हुनसक्छ।

परिवार लिएर अलि टाढा गइराखेका छौं भने बाटोमा स्टार्ट बन्द होला, हेडलाइटको फ्युज जाला, साइडलाइट नबल्ला। यस्ता विषयमा जानकार नभए दुःख हामीले पाउँछौं। विदेश नै गए पनि गाडीका विषयमा सम्पूर्ण जानकारी हुन आवश्यक छ। अझ गाडी चलाउनुपर्ने काम भए त झनै। विदेशमा पहिला सैद्धान्तिक ज्ञान दिइन्छ र अनि मात्रै अभ्यास गराइन्छ। हाम्रो नेपालमा दुवै गराइन्छ। श्रीसुमन मोटर ड्राइभिङले चाहिँ हरेक शनिबार इन्जिनसम्बन्धी विशेष ज्ञान पनि दिँदै आएको छ। जसमा ट्राफिक र दुर्घटनासम्बन्धी ज्ञान पनि दिइन्छ।

'ड्राइभिङ' गर्नु मात्रै ठूलो कुरो होइन, गाडीलाई कसरी 'सेफ्टी' सँग कसरी चलाउने ? यो महत्वपूर्ण विषय हो। हामी यो ज्ञान पनि दिन्छौं। 'सेफ्टी ड्राइभिङ' भए आफू, परिवार र आफन्तलाई पनि सुरक्षित राख्न सक्छौं। बाटोमा हिँड्ने यात्रुहरूलाई पनि सुरक्षित बनाउन सक्छौं। कतिपयलाई टायर फेर्न आउँदैन, जाँदाजाँदै 'ब्रेक फेल' भयो भने के गर्ने ? कुनै ज्ञान नै हुँदैन। ब्रेक फेल भइहाले गाडीलाई कसरी बचाउने? त्यो गाडीलाई एक/दुई किलोमिटर पर वर्कसपसम्म कसरी पुऱ्याउने ? सबै जान्नु जरुरी छ। गाडी त किन्छौं तर हामी क्याटलग पढ्दै नौ। न्यूनतम यस्ता प्राविधिक ज्ञान हुनेले अलपत्र पर्नु पर्दैन। अरू कोही बाटोमा समस्यामा परे भने पनि सहयोग गर्न सकिन्छ। सबै पक्ष विचार गर्नेले मात्र सुरक्षित सवारीको फाइदा लिन सक्छ।

*(गिरी सवारी साधनका प्रशिक्षक हुन्।)*

### भित्री पृष्ठ




कांग्रेस-एमालेको अग्निपरीक्षा - पृष्ठ ४

कभर स्टोरी

# डोल्पाका सबै स्थानीय तहमा मनलागी खर्च

हिमाली जिल्ला डोल्पाका आठवटै स्थानीय तहले वित्तीय अनुशासनको ख्यालै नगरी सरकारी बजेट खर्च गरेको पाइएको छ। महालेखा परीक्षकको आर्थिक वर्ष ०७९/०८० को प्रतिवेदनअनुसार सरकारी बजेट खर्च गर्दा स्थानीय तहले अपनाउनुपर्ने वित्तीय अनुशासन बेवास्ता गरी सरकारी रकम जथाभावि दुरुपयोग गरेको पाइएको हो।

**रामचन्द्र न्यौपाने** | *डोल्पा*

– को रिपोर्ट

समाचार पृष्ठ २




# 'वास्तविक सुकुम्बासीको स्थानान्तरण गर्नू'



**अन्नपूर्ण** | *काठमाडौं*

सर्वोच्च अदालतले विकल्प नभई बाध्यतावश नदी किनारमा बसेका वास्तविक सुकुम्बासीहरूको पहिचान गरी स्थानान्तरण गर्न आदेश दिएको छ।

न्यायाधीशद्वय डा.आनन्दमोहन भट्टराई र विनोद शर्माको संयुक्त इजलासले प्रदूषण नियन्त्रणकै सन्दर्भमा नदी किनारमा बसेका बसोबास गरिरहेका व्यक्तिहरूको सरकारी जग्गा अतिक्रमण गरी बस्ने कुनै हक नहुने भए तापनि बाध्यतामा परी विकल्प नभएका वास्तविक सुकुम्बासीलाई पहिचान गरी स्थानान्तरण गर्न आदेश दिएको हो।

'वास्तविक सुकुम्बासीहरूको पहिचान गरी इचुंगुनारायणमा बनाइएको आवासमा स्थानान्तरण गर्ने, सो सुविधाले नपुग्ने भई त्यहाँ व्यवस्थापन गर्न नसकिने भएमा आवश्यक संख्यामा अन्यत्र आवासको व्यवस्थापन गर्ने,' फैसलाको पूर्णपाठमा भनिएको छ, 'ती स्थानमा जान नचाहने तत्काल वैकल्पिक व्यवस्था नभएका वास्तविक सुकुम्बासी परिवारको हकमा स्थानान्तरणको सहजीकरणका लागि तत्काल राहत व्यवस्थाका रूपमा नगद प्रदान गरी अतिक्रमण हटाउने।' वास्तविक सुकुम्बासी परिवारको हकमा नेपालको संविधानको धारा ३७ (१) ले प्रत्याभूत गरेको बसोबासको हकलाई समेत मध्यनजर गर्न इजलासले आदेश दिएको हो।

जनहित संरक्षण मञ्चका तर्फबाट प्रकाशमणि शर्मा समेतले बागमतीलगायत उपत्यकाका नदीहरू ढलमा परिणत हुँदै गएको र नदीको प्रदूषण र अतिक्रमणले बागमती सभ्यताको अन्त्य हुन पुगेको उल्लेख गर्दै रिट निवेदन दायर गरेका थिए। उक्त रिट निवेदनमा २०८० पुस ३० गते भएको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो।

सर्वोच्चले बागमती र सहायक नदीहरूको वातावरणीय व्यवस्थापनका लागि नदीहरूको बहाव बढाउन उपत्यकाभित्र रहेका पोखरीहरूको संरक्षण आवश्यक रहेको निष्कर्ष निकालेको छ। सोको लागि प्रत्येक नगरपालिका मार्फत संरक्षण कार्य गर्न/गराउनसमेत आदेश भएको छ। त्यस्तै मेलम्ची आयोजना पूर्णरूपमा निर्माण हुँदा उपत्यकामा भित्रने पानीको केही प्रतिशत सोझै वा पोखरीमा सञ्चय गरी तत्पश्चात सहरभित्रबाट बग्ने बागमती, विष्णुमती र अन्य नदी खोलाहरूमा पठाउन प्रबन्ध गर्न/गराउन पनि सर्वोच्चले आदेश दिएको छ।

# वीरमा चिकित्सक आन्दोलित, शल्यक्रिया प्रभावित

**काठमाडौं** (अन्नपूर्ण): वीर अस्पतालमा कार्यरत बेहोस गराउने चिकित्सक (एनेस्थेसिस्ट) हरूले जोखिम भत्ताको माग गर्दै आन्दोलनमा उत्रिँदा दुई दिन शल्यक्रिया सेवा प्रभावित भएको छ।

वीर अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले बिना कुनै पूर्वजानकारी एनेस्थेसिया विभागका चिकित्सकहरू आकस्मिक रूपमा आन्दोलनमा उत्रँदा सेवा अवरुद्ध भएको जानकारी दिए। चिकित्सकहरूको आन्दोलनका कारण आइतबार र सोमबार शल्यक्रिया हुन पाएन। दुई दिनमा झन्डै ७० शल्यक्रिया सेवा अवरुद्ध भएको छ। अस्पतालमा १९ जना एनेस्थेसिस्टहरू कार्यरत छन्।

विगतमा एनेस्थेसिया चिकित्सकको सेवा सुविधा कम भएको भन्दै प्रोत्साहन स्वरूप शतप्रतिशत जोखिम भत्ता उपलब्ध गराउँदै आएको थियो। उक्त भत्ता कटौती भएपछि चिकित्सकहरू आन्दोलनमा उत्रेका हुन्। एनेस्थेसियाका चिकित्सकहरूले सेवा रोक्दा शल्यक्रिया गर्न तयार बिरामीहरू प्रभावित भएका छन्। चिकित्सकको आन्दोलनका कारण बिरामी मर्कामा परेको जनाउँदै अस्पताल प्रशासनले एनेस्थेसिया विभागका विभागीय प्रमुख डा. रविराम श्रेष्ठसँग लिखित रूपमा स्पष्टीकरण मागेको छ।

नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ मा हड्ताल गर्न प्रतिबन्ध छ। सो ऐनको दफा ६२ मा चिकित्सकले निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हड्ताल गर्न र दबाब दिन उल्लेख छ। वीर अस्पतालका निर्देशक डा. पौडेलले आन्दोलनरत चिकित्सकहरूसँग छलफल भएको जानकारी दिँदै मंगलबारदेखि सेवा सुचारु हुने बताए।

# सुक्खाग्रस्त बन्दुकेडाँडामा लटरसम्म स्याउ

**हरिबहादुर लम्जेल** | *धनकुटा*

चौबीसे गाउँपालिका-३ कुरुलेतेनुपाको शिरमा पर्छ बन्दुकेडाँडा। भौगोलिक बनावटको हिसावले बन्दुकेडाँडा उचाइमा भएकाले यहाँ सिँचाइका लागि मात्र होइन पिउनका लागि पनि खानेपानीको धेरै समस्या छ। बन्दुकेडाँडा सुक्खा ग्रस्त क्षेत्र हो।

६२ वर्षका स्थानीय लोकेन्द्रकुमार याखाका अनुसार यो क्षेत्रमा खानेपानीको समस्या यति थियो कि स्थानीयलाई खानेपानी ल्याउन एक बिहान समय लाग्थ्यो।

बन्दुकेडाँडासहित कुरुले तेनुपामा कुनै बेला बाक्लो बस्ती थियो। २०४५ सालको भूकम्पपछि यस क्षेत्रका अधिकांश खानेपानीका मुहान सुक्न थाले। खानेपानी समस्याकै कारण यहाँका स्थानीय बसाइँ सर्न थाले। बस्ती रित्तिँदै गयो। बसाइँसराइले सिंगो गाउँ नै उजाड बनाएको थियो।

बसाइँसराइले बस्ती रित्तिएर उजाड बनाएको बन्दुकेडाँडामा अहिले लटरसम्म स्याउ फल्न थालेको छ। बन्दुकेडाँडाको करिब १ सय १५ रोपनी क्षेत्रफलमा रहेको रहरलाग्दा स्याउको बोटमा यतिबेला लटरसम्म स्याउ फलेका छन्।

लटरम्म फलेको स्याउ हेर्न स्थानीय मात्र होइन टाढाबाट मान्छेहरू आउने गर्छन्। उजाड ठाउँलाई उब्जाउ बनाउने उद्देश्यले स्थानीय बासिन्दाको संलग्नतामा तमोर पर्माकल्चर सिकाइ थलो स्थापना गरी वर्षाको पानी संकलन गर्दै स्याउ खेती सुरु गरियो। पाँच वर्षअघि रोपिएको स्याउको बोटमा गत वर्षदेखि





**चौबीसे गाउँपालिका-३ बन्दुकेडाँडामा लटरम्म फलेको स्याउ।** ● हरिबहादुर लम्जेल

फल लाग्न थालेको छ। करिब १ सय १५ रोपनी क्षेत्रफलमा ३५ प्रजातिका फलफूल खेती गरिएको व्यवस्थापक भोजकुमार काफ्लेले बताए। विभिन्न फलफूलका १२ सय बोटबिरुवामध्ये ३ सय ५० भन्दा बढी डोसेट, आन्ना प्रजातिका स्याउका बोट छन्। यी प्रजाति पहाडी क्षेत्रका हावापानीसँग मिल्दो स्याउका प्रजाति हुन्।

**सिँचाइका लागि आकाशे पानीको भर**

फलफूल खेतीका लागि ३४ लाख लिटर क्षमताको ४ वटा प्लास्टिक पोखरी निर्माण गरिएको छ। सिँचाइको लागि त परै जाओस् पिउने पानी पनि यो क्षेत्रमा समस्या नै छ। त्यही भएर वर्षाको बेला घरको छानाको बलेसी, बाटोको भेलको पानी संकलन गरिएको व्यवस्थापक काफ्लेले बताए।

उनका अनुसार ४ वटा पोखरीमध्ये २ वटा पोखरी ५/५ लाख क्षमताको छ। एउटा १० लाख र अर्को १४ लाख लिटर क्षमताको छ। वर्षाको पानी संकलन गरेर हिउँदको सुक्खा समयमा सिँचाइ गरिन्छ। गत वैशाख १ गतेदेखि यो क्षेत्रमा लिफ्टिङ खानेपानी योजना सञ्चालनमा आएको छ। तर, पर्याप्त छैन। यहाँका स्थानीयलाई पिउन र सिँचाइका लागि आकाशे पानीको भर पर्नुपर्ने स्थिति छ।

**रोकियो बसाइँसराइ**

अहिले पनि रित्तिएको गाउँ भरिएको छैन। बसाइँ गएका फर्किएका छैनन्। तर, बसाइँ जान रोकिएको शिक्षकसमेत रहेका स्थानीय चिरञ्जीवी अधिकारीले बताए। पहिले यहाँका स्थानीयलाई विश्वास लागेको थिएन। तर, अहिले स्याउ फलेको देख्दा स्थानीयलाई विश्वास लागेको छ। लटरसम्म स्याउ फलेको देख्दा यहाँका स्थानीय बसाइँ सर्नबाट रोकिएका छन्। स्याउ खेती स्थानीयले पनि अनुशरण गर्न थालेका छन्। स्याउ रोपेर स्थानीयले पनि फलाएको उनले बताए।

**स्थानीयले गरे अनुशरण**

बन्दुकेडाँडामा स्याउ फलेपछि यस क्षेत्रका स्थानीयले पनि स्याउ खेती सुरु गरेका छन्। बन्दुकेडाँडाकी स्थानीय भगिश्वरी याखाले १ सय स्याउका बोट रोपेकी छिन्। त्यस्तै सोही ठाउँका मिलन याखाले पनि ६० बोट स्याउ रोपेका छन्।

बन्दुकेडाँडासहित कुरुले, तेनुपा, सोगुम क्षेत्रका करिब ३ सय ५० भन्दा बढी घरधुरीले न्यूनतम ५ देखि २० वटासम्म स्याउका बोट रोपेका छन्। सिँचाइका लागि वर्षाको पानी संकलन गर्न प्लास्टिक पोखरी बनाएका छन्। गत आर्थिक वर्षमा वडाले स्थानीयलाई स्याउका बिरुवा वितरण गरेको थियो।

**प्रयास गर्दा हुँदो रै'छ**

लटरम्म फलेको स्याउ हेर्न बन्दुकेडाँडा पुगेका धनकुटा सदरमुकामका रत्न जिमीले इच्छा शक्ति भएपछि जस्तोसुकै ठाउँमा खेति गरे पनि सफल हुने रैछ भन्ने प्रमाणित भएको बताए। उनले भने, 'विकल्प अनेक हुन्छन्। सिँचाइका लागि खोलाकै पानी, मुहानकै पानी नचाहिँदो रै'छ। वर्षाको पानी संकलन गरेर खेती गर्न सकिन्छ भन्ने उदाहरण बनेको छ।'